
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रजिस्ट पार्टी प्यालेसको नजिके)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १२ गते बिहीबार ❑ 28 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## एसइईको नतिजा सार्वजनिक

रासस
काठमाडौं, ११ साउन

राष्ट्रिय परीक्षा बोर्डले बुधबार अपराह्न माध्यमिक शिक्षा परीक्षा (एसइई) २०७८ को नतिजा सार्वजनिक गरेको छ। बोर्डले एसइई परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालले परीक्षामा सहभागीमध्ये चार लाख ९५ हजार सात सय ५१ परीक्षार्थीको नतिजा सार्वजनिक गर्नुभएको हो।

सदस्य सचिव अर्यालले यस वर्ष उच्च श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी एक दशमलव ९४ प्रतिशत रहेको बताउनुभयो । उच्च श्रेणी ३ दशमलव ६ देखि ४ जिपिए ल्याउने नौ हजार छ सय ३३ अर्थात् १ दशमलव ९४ प्रतिशत छन् ।

त्यस्तै, ४१ हजार छ सय २७ विद्यार्थीले ३ दशमलव २ देखि ३ दशमलव ६ जीपीए, ६९ हजार नौ सयले २ दशमलव ८ देखि ३ दशमलव २ जीपीए ल्याएका छन् । ९० हजार ७५८ जनाले २ दशमलव ४ देखि २ दशमलव ८ जीपीए ल्याएका छन् ।

त्यस्तै एक लाख १२ हजार सात सय ३३ विद्यार्थीले २ देखि २ दशमलव ४ जीपीए, एक लाख पाँच सय ९४ जनाले १ दशमलव ६ देखि २ जीपीए, ४४ हजार पाँच सय ८६ विद्यार्थीले १ दशमलव २ देखि १ दशमलव ६ जीपीए र तीन हजार दुई सय ८० विद्यार्थीले ० दशमलव ८ देखि १ दशमलव २ जीपीए ल्याएको उहाँले जानकारी दिनुभयो ।

सदस्य सचिव अर्यालले यस वर्ष १ दशमलव ९४ प्रतिशतले ३ दशमलव ६ देखि ४ जिपिए, ८ दशमलव ४० प्रतिशतले ३ दशमलव २ देखि ३ दशमलव ६ जिपिए, १४ दशमलव १० प्रतिशतले २ दशमलव ८ देखि ३ दशमलव २ जीपीए, १८ दशमलव ३१ प्रतिशतले २ दशमलव ४ देखि २ दशमलव ८ जीपीए ल्याएका छन् ।

त्यस्तै २२ दशमलव ७४ प्रतिशतले २ देखि २ दशमलव ४ जीपीए, २० दशमलव २ ९ प्रतिशतले १ दशमलव ६ देखि २ जीपीए, ८ दशमलव ९९ प्रतिशतले १ दशमलव २ देखि १ दशमलव ६ जीपीए र ० दशमलव ६६ प्रतिशतले ० दशमलव १ देखि १ दशमलव २ जीपीए ल्याएको उहाँले जानकारी दिनुभयो । परीक्षामा २२ हजार छ सय ४० अर्थात् ४ दशमलव ५७ प्रतिशत परीक्षार्थी अनुपस्थित रहेको सदस्य सचिव अर्यालले जानकारी दिनुभयो ।

त्यसैगरी प्रदेशतर्फ प्रदेश नं १ मा १७ दशमलव ४ प्रतिशत, मधेस प्रदेशमा १५ दशमलव ५ प्रतिशत, वाग्मती प्रदेशमा २१ दशमलव ६७ प्रतिशत, गण्डकी प्रदेशमा ९ दशमलव ३० प्रतिशत, लुम्बिनी प्रदेशमा १७ दशमलव ४५ प्रतिशत, कर्णाली प्रदेशमा ७ दशमलव ५३ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ११ दशमलव ५ प्रतिशत विद्यार्थीको नतिजा सार्वजनिक गरिएको छ ।

## प्रतिवेदनसहित दुई विधेयक प्रदेशसभामा

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन

गण्डकी प्रदेश सभाको आजको बैठकमा विभिन्न दुई विधेयक विधायन समितिको प्रतिवेदनसहित प्रदेशसभामा प्रस्तुत भएको छ ।

बैठकमा विधायन समितिका सभापति विष्णुप्रसाद लामिछानेले विधायन समितिको प्रतिवेदनसहित गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा समक्ष प्रस्तुत गर्नुभयो । बैठकको विशेष समयमा प्रदेशसभा सदस्य आशा कोइरालाले आव २०७८/०७९ मा निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम प्रभावकारीरुपमा सम्पन्न भएको बताउनुभयो ।

उक्त कार्यक्रमअन्तर्गत उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका ४० प्रतिशत योजनाको अझै पनि भुक्तानी हुन नसकेकोप्रति प्रदेश सरकार र भौतिक पूर्वाधार विकास मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । अर्का सदस्य खिमविक्रम शाहीले बागलुङबाट बुर्तिवाङ जाने करिब १० किमि बाटो वर्षौदेखि बिग्रेको बताउँदै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । सदस्य रामशरण बस्नेतले सदन जनताको आवाज उठाउने थलो भए पनि शून्य तथा विशेष समयमा उठाएका आवाजलाई सरकारले सुनुवाइ नगरेको बताउनुभयो । संसद्मा उठेका विषयलाई गम्भीरताका साथ हेर्न उहाँले सरकारसँग आग्रह गर्नुभयो । बुधबारको बैठकको विशेष तथा शून्य समयमा सदस्य मायानाथ अधिकारी, राजीव पहारी, भागवतप्रकाश मल्ललगायतले समसामयिक विषयमा प्रदेशसभा तथा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

## स्याङ्जामा २७ सवारी दुर्घटना, ४० को मृत्यु

पोखरापत्र संवाददाता
वालिङ, ११ साउन

एक वर्षको अवधिमा स्याङ्जामा भएका २७ सवारी दुर्घटनामा ४० जनाको मृत्यु भएको छ । गत आर्थिक वर्ष २०७८/७९ मा स्याङ्जाका विभिन्न स्थानमा सवारी दुर्घटनामा परी ४० जनाले अकालमै ज्यान गुमाएका हुन् ।

सवारी दुर्घटनामा परी १७ पुरुष, १८ महिला, चार बालक र एक बालिकाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख मीनबहादुर कुँवरले बताउनुभयो । एक वर्षको अवधिमा १४ पुरुष, १५ महिला, दुई बालक र दुई बालिका गरी ३३ जना गम्भीर घाइते भएका थिए भने १५ जना मध्यम घाइते भएका ककथिए । आव २०७७/७८ मा स्याङ्जामा १६ सवारी साधन दुर्घटना हुँदा १६ जनाको मृत्यु भएको थियो । विभिन्न दुर्घटनामा १२ पुरुष, दुई महिला, दुई बालकको मृत्यु भएको थियो भने २१ जना गम्भीर घाइते र पाँचजना मध्यम घाइते भएका थिए । आव २०७७/७८ मा भन्दा गत आव २०७८/७९ मा २४ धेरैले ज्यान गुमाएका छन् । गएको वैशाख ३० गते स्थानीय तहको निर्वाचनका दिन वालिङ-१४ अर्खलेवासस्थित ग्रामीण सडकमा मतदाता बोकेको जिप दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको थियो ।

त्यस्तै आव २०७६/७७ मा स्याङ्जामा १५ सवारी साधन दुर्घटना हुँदा नौ जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा चार पुरुष, तीन महिला र दुई बालबालिका थिए । पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्दा स्याङ्जामा सवारी दुर्घटना, मृत्यु र घाइतेको सङ्ख्या पनि बढ्दै गइरहेको छ । ग्रामीण भेगमा ट्राफिक प्रहरीको निगरानी पुग्न नसक्नु, यात्रु तथा चालकको लापरबाही, पुराना र मर्मत नगरिएका सवारी साधन, कच्ची र ग्रेडिङ नमिलेका ग्रामीण सडकका कारण पनि दुर्घटनामा वृद्धि हुँदै गएको कार्यालयले जनाएको छ ।

जिल्लामा सवारी साधन दुर्घटना भई अकालमै धेरैको मृत्यु हुन नदिनका लागि ट्राफिक प्रहरीले आव २०७८/७९ मा सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी छ सय दुई सचेतना कार्यक्रम सञ्चालन गरेको कार्यालय प्रमुख कुँवरले बताउनुभयो । उक्त कार्यक्रममार्फत ४६ हजार ४० जना लाभान्वित भएका कार्यालयले जनाएको छ । आव २०७७/७८ मा पनि चार सय १२ सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा ३३ हजार सात सय २५ जना लाभान्वित भएको तथ्याङ्क ट्राफिक कार्यालयमा रहेको छ ।

## बसाईँसराइ रोक्न गाउँको विकास गर्नुपर्छ : नेता पौडेल

पोखरापत्र संवाददाता
तनहुँ, ११ साउन

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँबाट सहरमा बसाइँसराइ रोक्नका लागि गाउँको विकासलाई प्राथमिकता दिन आवश्यक रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस देवघाटले बुधबार आयोजना गरेको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै नेता पौडेलले सो कुरा बताउनुभएको हो । "गाउँमा रोजगारी र गाउँमै आम्दानी भए मानिसहरू सहर भर्नु पर्दैन", उहाँले भन्नुभयो, "गाउँमा विकास र रोजगारको व्यवस्था नहुँदा गाउँ उजाड बन्दै गएको छ ।" नेपाल सरकारले ग्रामीण क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने बेला आएको उहाँको भनाइ थियो ।

मानिसहरू सुविधा र रोजगारी खोज्दै सहरमा बसाइँसराइ गर्ने क्रम बढेको उल्लेख गर्दै नेता पौडेलले त्यसलाई रोक्न गाउँमै रोजगारी र आम्दानीको अवसर दिन आवश्यक रहेको बताउनुभयो ।

नेपाल प्रकृतिको धनी हुँदाहुँदै पनि मानिसहरू विकास खोज्न भौँतारिएको चर्चा गर्दै नेता पौडेलले गाउँको विकासका लागि आफू सक्रिय रूपमा लागेको बताउनुभयो । देवघाट क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको केन्द्रका रूपमा विकास गर्नुपर्ने भन्दै नेता पौडेलले विगतमा अवरुद्ध भएका विकासका कामलाई निरन्तरता दिँदै नयाँ विकासका योजनालाई तीव्र गतिमा अघि बढाइने उहाँले बताउनुभयो ।

नेता पौडेल यही साउन ८ गतेदेखि तालिका नै बनाएर जिल्लाको व्यास नगरपालिका र भानु नगरपालिकाका विभिन्न वडामा पुगी कार्यकर्तासँग भेटघाट गर्नुभएको छ ।

## संशोधनको मागसहित मन्त्री खड्कालाई चेम्बर्स अफ कमर्शको ज्ञापन पत्र

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन

नेपाल चेम्बर्स अफ कमर्श गण्डकीले भौतिक, पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्कालाई ज्ञापनपत्र बुझाएको छ ।



यातायात व्यवस्थाले सवारी साधनको नवीकरण र जरिवानावापत चर्को शुल्क असुलेपछि संशोधनको मागसहित बुधबार मन्त्री खड्कालाई चेम्बर्स अफ गण्डकीका अध्यक्ष किसान सुनार नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएको हो । आर्थिक ऐनमा स्पष्ट व्यवस्था उल्लेख नगरिकन चर्को शुल्क असुल्ने निर्णय नागरिकको हितविपरित भएको भन्दै डेलिगेशन गएको कमर्शका अध्यक्ष किसान सुनारले बताए । उनले सो व्यवस्था संशोधन हुने विश्वास व्यक्त गर्दै भने, 'नागरिक र सेवाग्राहीको हित विपरित गण्डकी प्रदेश सरकारले गरेको निर्णय स्वभनीय छैन । त्यसैले हाम्रो पनि ध्यानाकर्षण भएको छ । यसलाई मन्त्रालयले सच्याउँनुपर्छ ।' यसैगरि ज्ञापनपत्र बुझ्दै भौतिक, पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्थामन्त्री खड्काले सो ज्ञापनपत्र बुझ्दै संशोधनको तयारीमा रहेको संकेत दिए । उनले यातायात व्यवस्था कार्यालय (सवारी) कास्कीले संशोधनको लागि पत्राचार गरिसेको बताउँदै क्याबिनेटको बैठकबाट संशोधन गरिने धारणा राखेका थिए । भौतिक तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेशको परिपत्र अनुसार यातायात व्यवस्था कार्यालय कास्कीले गत १ गतेदेखि गण्डकी प्रदेश सरकारको परिपत्र अनुसार नवीकरण र जरिवानामा पहिले भन्दा ४ गुणा (२ सय प्रतिशत) बढि शुल्क असुल्दै आएको छ । गण्डकी प्रदेश सरकारले ल्याएको आर्थिक ऐन २०७८ अनुसार नवीकरणको म्याद सकिएको ९० दिनभित्र विना जरिवाना वार्षिक सवारी कर चुक्ता गर्न सकिने व्यवस्था थियो ।

उक्त आर्थिक ऐनको दफा १८ मा उल्लेख छ, 'सबै सवारी धनीले प्रत्येक आर्थिक वर्षको चैत मसान्त वा सवारी दर्ता किताब नवीकरण गर्ने म्याद जुन अघि हुन्छ, सो म्याद समाप्त भएको मितिले ९० दिनभित्र बुझाइसक्नुपर्ने छ ।' ऐनले नवीकरणको म्याद सकिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपाल व्यवस्थापन संघमा पोखराका अधिकारी नियुक्त

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन

नेपाल व्यवस्थापन संघको प्रबन्ध समितिमा विश्वमोहन अधिकारी नियुक्ति भएका छन् ।



युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी निर्देशक एवं पोखराका अधिकारीलाई नेपाल व्यवस्थापन संघको २० औं प्रबन्ध समितिमा मनोनयन गरिएको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।

नेपाल सरकार, मन्त्री परिषद् को बैठकले नेपाल व्यवस्थापन संघको विधान २०३५ को दफा २० बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा २ वर्षे कार्यकालका लागि नियुक्ती गरेको मन्त्रालयका सहसचिव

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# डागर स्मृति प्रतिष्ठानमा सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन

डागर स्मृति प्रतिष्ठान नेपालले बुधवार एक समारोहका बीच चार जना सामाजिक व्यक्तित्वलाई सम्मान गरेको छ।

प्रतिष्ठानका अभिभावक तथा शुभेच्छुकहरू विभिन्न उच्च ओहदा र तहमा आसिन हुन सफल भएको अवसरमा शुभकामनासहित प्रतिष्ठानले सम्मान अर्पण गरेको हो। यसरी सम्मानित हुनेमा प्रतिष्ठानका अभिभावक डिष्ट्रिक ३२५ बी १ का पूर्व डिस्ट्रिक गभर्नर तथा महानगरप्रमुख धनराज आचार्यलगायत विशिष्ट समाजसेवी रहनुभएको छ । प्रतिष्ठानका शुभेच्छुक राम बसेल समाजसेवीहरुको सर्वश्रेष्ठ संस्था लायन्स क्लब अफ इन्टरनेशनलको लायन वर्ष २०२२/२०२३ का लागि डिस्ट्रिक ३२५ 'आई'को गभर्नरमा, ध्रुव श्रेष्ठ डिस्ट्रिक ३२५ 'जे'को गभर्नरमा र राजेन्द्र बाटाजु डिस्ट्रिक ३२५ 'के'को गभर्नरमा निर्वाचित भएको खुसीमा एकै साथ सम्मान गरेको हो। प्रतिष्ठानका संस्थापक अध्यक्ष रमा पराशर, निवर्तमान अध्यक्ष हिरादेवी बास्तोला र वर्तमान अध्यक्ष बिन्दु श्रेष्ठले संयुक्तरुपमा दोसल्ला, माला, खादा, बुँकीसहित सम्मान अर्पण गरेका हुन् । सम्मानका साथसाथै संयुक्त रुपमा केक काटेर आफ्ना कार्यकालका कार्य यस्तै स्वादिष्ट र रुचिपूर्ण हुन भन्ने शुभेच्छासमेत व्यक्त गरिएको थियो । सम्मानित



व्यक्तित्व ध्रुव श्रेष्ठले प्रतिष्ठानका गतिविधिलाई आफूले नजिकबाट नियाल्दै आएको र रमा पराशर आम महिलाका लागि नमूना पात्र भएको उल्लेख गरे । प्रतिष्ठानले समाजमा असल कर्म गर्नेलाई प्रोत्साहन मात्र होइन, असल मार्गनिर्देशन पनि गरेकोमा खुसी व्यक्त गरे । सम्मानित व्यक्तित्व राजेन्द्र बाटाजूले प्रतिष्ठानसँग निरन्तर सहकार्य र सहयात्रामा नरहे तापनि सम्मानले थप जिम्मेवारी बोध गराएको धारणा राखे ।

साथै बाटाजूले लायन्सका गतिविधिलाई नजिकबाट राम्ररी नबुझ्नेहरुले गरेका विविध टिकाटिप्पणी पनि प्रेरणाका श्रोत बन्ने गरेको बताए । सम्मानित व्यक्तित्व राम बसेलले प्रतिष्ठानले साहित्य, समाजसेवा र शिक्षासेवाका क्षेत्रमा गरेको योगदानको खुलेर प्रशंसा गर्दै थपे, 'प्रतिष्ठानका संस्थापक रमा पराशरसँगको संगत र जीवनी सत् कर्ममा लाग्नेहरुका लागि एउटा पाठशालाका रुपमा मैले पाएको छु ।' प्रतिष्ठानका बारेमा प्रकाश पार्दै दीपेन्द्र श्रेष्ठले रमा पराशरको एक्लो प्रयासलाई संस्थागत रुप दिएर निरन्तर शिक्षासेवा, समाजसेवा,साहित्यसेवाररराष्ट्रसेवामा क्रियाशील प्रतिभालाई प्रोत्साहन, उत्साह र हौसला प्रदान गर्नु नै प्रतिष्ठानको मूल कार्य रहेको जानकारी गराए। संस्थापक रमा पराशरले आफ्नो भन्नु नै पोखरेली र यही प्रतिष्ठान रहेको बताउँदै सबैको माया, साथ र आशीर्वादले आफूलाई अगाडि बढ्न प्रेरणा मिलेको बताइन् ।

प्रतिष्ठानका उपाध्यक्ष सरिता तिम्सिना पंगेनीले सम्पूर्ण समाजसेवी र लायनवादको यात्रामा लाग्नेहरुको प्रेरणा र हौसला नै प्रतिष्ठानको कमाइ भएको उल्लेख गरिन् । संस्थाका संस्थापक अध्यक्ष रमा पराशरलाई सम्मानित तीनै जना डिस्ट्रिक गभर्नरले गभर्नर पिनबाट सम्मान गरेका थिए।

समारोहमा एउटा पुरुषलाई सफलताको मार्गमा डोऱ्याउन महिलाको महत्वपूर्ण भूमिका हुने स्मरण गर्दै प्रतिष्ठानका अभिभावक धनराज आचार्यकी जीवनसाथी पुष्पा आचार्य र तीनवटै डिस्ट्रिकका फस्ट लेडीलाई सो अवसरमा सम्मान गरिएको थियो । प्रतिष्ठानका अध्यक्ष बिन्दु श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सहसचिव असफल गौतमले गरेका थिए।

# नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले १० लाखको अक्षयकोष स्थापना गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले खेलपत्रकारलाई समस्या पर्दा सहयोग गर्ने हेतुले अक्षयकोष स्थापना गर्ने भएको छ।

मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले आफ्नो जन्मदिनको अवसर पारेर यसको सुरुवात गरेंको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिएका छन् । अध्यक्ष बरालले जन्मदिनको दिनमा आफ्ना बाबु स्व.टेकनाथ बरालको नामबाट दश हजार रुपैयाँ मञ्चको अक्षयकोषमा अपर्ण गरेका हुन् । सो अवसरमा बोल्दै अध्यक्ष बरालले आफ्नो कार्यकालमा अक्षयकोषमा १० लाख पुऱ्याउने घोषणा गरेको महासचिव पौडेलल बताए । अक्षकोषको लागि प्रदान गरिएको चेक अध्यक्ष बरालले मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, महासचिव राजाराम पौडेल, सचिव



शशि कुमार पौडेललाई हस्तान्तरण गरेका थिए। जन्मदिनको अवसरमा पवित्र कार्यको सुरुवात गर्न पाएकोमा खुशी व्यक्त गर्दै आफ्नो कार्यकालमा १० लाख बराबरको अक्षयकोष पुऱ्याएरै छाड्ने अठोट समेत बरालले गरे । 'मैले मेरो जन्मदिनको अवसर पारेर अक्षयकोषको सुरुवात गरे, अब मेरो कार्यकालमा अक्षयकोषमा १० लाख रुपैयाँ पुऱ्याउनेछु' अध्यक्ष बरालले भने । अक्षयकोष घोषणा तथा चेक हस्तान्तरण कार्यक्रममा गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवन, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, कोषाध्यक्ष एवं प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण प्रसाद दवाडी लगायतका पत्रकारको सहभागिता रहेको थियो।

अक्षयकोषबाट प्राप्त व्याजले खेल क्षेत्रमा कलम चलाईरहेका पत्रकारलाई अप्ठ्यारो पर्दा सहयोग गर्दै अभिभावकत्व प्रदान गर्ने पवित्र उद्धेश्य बोकेका हुनाले अक्षयकोषको लागि रकम सहयोग गर्न मञ्चले सबै खेलप्रेमीमा समेत आग्रह गरेको छ।

# नेपाल...

रघुराम विष्टले हस्ताक्षर गरेको पत्रमा उल्लेख गरिएको छ । २०७९/०३/२४ को निर्णय अनुसार अधिकारीलाई नेपाल सरकारको प्रतिनिधिको रुपमा नियुक्त गरेको मन्त्रालयले जनाएको छ।

संघका प्रतिनिधिले नेपाल सरकार र निजी क्षेत्रको बृद्धि विकासमा (व्यबस्थापनमा) नेपाल सरकारले गर्नुपर्ने कामहरु र निजी क्षेत्रले गर्नुपर्ने कामको बिषयमा जानकारी गराउदै पुलको रुपमा भूमिका खेल्दै आएको पाइन्छ।

विभिन्न बैंकमा २ दशक भन्दा बढी काम गरेका अधिकारी सिटि, ओम डेभलपमेन्ट बैंकमा लगायतमा १५ वर्ष प्रमुख कार्यकारी अधिकृत तथा कलेजका प्रध्यापकको रूपमा काम गरेको अनुभव रहेको छ।


## हार्दिक बधाई



श्री राजेन्द्र भण्डारी





श्री लोकचन्द्र खनाल

हाम्रा प्रिय साथीहरु **राजेन्द्र भण्डारी** र **लोकचन्द्र खनाल भद्रकाली माध्यमिक विद्यालय** जस्तो स्थापित शैक्षिक संस्थाको शीर्ष–नेतृत्व र उप–नेतृत्वका लागि **प्रधानाध्यापक** र **सहायक प्रधानाध्यापक** जस्ता गहन जिम्मेवारीपूर्ण पदहरुमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै वहाँहरु दुवैको उक्त पदीय कार्यकाल विद्यालयको समग्र उन्नयनका लागि अत्यन्त फलदायी तथा सफल रहोस् भन्ने **शुभकामना**समेत व्यक्त गर्दछौँ ।

**प्राचार्य**
**एवं**

**बेसलाईन एकेडेमी स्कुल परिवार** **बालकल्याण हाई स्कुल परिवार**

**पोखरा महानगरपालिका-१३**



## कोभिड-१९ को जोखिम पुनः देखा परेको छ ।

**यसबाट बच्न र बचाउनः**

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- समय–समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक मुख छोप्ने गरौं ।
- आफु बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहरदोहर नगर्ने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड–१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं ।

*समयमा नै सतर्क र सचेत बनौं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# संशोधनको...

समयावधि हेरेर ३२ प्रतिशतसम्म जरिवाना तिर्नुपर्ने व्यवस्था गरेको छ । ९० दिन (तीन महिना) कटेपछि ५ प्रतिशत, साढे १ महिनापछि १० प्रतिशत र तीन महिनाको २० प्रतिशतका दरले जरिवाना तिर्नुपर्ने व्यवस्था छ।

तर अहिले भने ३२ प्रतिशतबाट ह्वात्तै बढाएर २ सय प्रतिशत जरिवाना असुल गरेको छ । चालु आर्थिक वर्षदेखि नवीकरणको म्याद गुज्रिएपछि सेवाग्राहीलाई तीन महिनाको मौका दिइएको छैन । म्याद सकिएको अर्को दिनदेखि नै वार्षिक तिर्नुपर्ने सवारी करको दोब्बर जरिवाना तिर्नुपर्ने व्यवस्था गरिएको छ । यसअघि तिर्नुपर्ने वार्षिक सवारी कर बापत तिर्नुपर्ने कुल रकमको ३२ प्रतिशतसम्म जरिवाना तिर्नुपर्ने व्यवस्था थियो ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा–८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१–५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# बढ्दै विदेशीको चासो

नेपालले एमसीसी अनुमोदन गर्नु अघि र अनुमोदन पछि अमेरिकी उच्च अधिकारीहरूको नेपाल भ्रमण बढ्न थालेको छ । एमसीसी अनुमोदन गर्न अमेरिकाले निकै जोड दिएको थियो । नेपाली नेताहरूलाई अमेरिका बोलाउनेदेखि अमेरिकी उच्च अधिकारीहरूको नेपाल भ्रमण बारम्बार भएको थियो । एमसीसी अनुमोदन गराउन प्रधानमन्त्री शेर बहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमसीसीलाई पत्राचार गरेका थिए । नेपालका बामपंथी दलका कार्यकर्ता एमसीसीको विरोधमा थिए । नेपाली जनमत एमसीसीको विरोधमा भएको देखेर नेताहरू भित्र भित्र अनुमोदन गर्न जुक्ति लगाउने बाहिर विरोध गर्ने द्वैध चरित्रको देखाएका थिए । प्रतिनिधिसभाबाट ब्याख्यात्मक टिप्पणी सहित अनुमोदन पछि भित्रि योजना पूरा भएको छ ।

एमालेले प्रतिनिधिसभाको बैठकमा नाराबाजी गरेको थियो । तर एमसीसी अनुमोदन होस आफ्नो समर्थन थिएन भन्नेमा पार्न खोजेको थियो । एमालेको भूमिका पानी माथिको ओभानो बन्ने हो।नेपालमा चिनियाँ प्रभाव बढ्न नदिन अमेरिकाको सकृयता बढ्दै गएको छ । काङ्ग्रेस सभापति शेर बहादुर देउवा प्रधानमन्त्री भएको बेलामा अमेरिकाले चाहेको निर्णय गराउन सहज हुने गरेको छ । चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखले नेपाल भ्रमण गरेको महिना दिन नपुग्दै अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लु नेपाल भ्रमणमा आउँदैन छन् । उनी बिहीबार काठमाडौं आउन लागेका छन् । उनी एक दिनका लागि मात्र काठमाडौं आउन लागेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ ।

स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी)को कार्यान्वयनको विषयलाई लिएर राजनीतिक दलहरुबीच विवाद चर्किरहेका बेला हुन लागको उनको भ्रमणलाई अर्थपूर्णरुपमा लिइएको छ । सरकारले एसपीपी रद्द गर्ने निर्णय गर्दै त्यस सम्बन्धमा अमेरिकालाई जानकारी दिन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिएको थियो । तर हालसम्म परराष्ट्र मन्त्रालयले अमेरिकालाई सोबारे जानकारी गराएको छैन । बुधबारमात्रै प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले एसपीपी कार्यान्वयन नगर्ने विषयमा अहिलेसम्म अमेरिकालाई पत्राचार नगर्नुको कारणबारे जानकारी गराउन सरकारलाई निर्देशन दिएको थियो । पछिल्लो समय सत्ता पक्ष र प्रमुख प्रतिपक्षबीच एमसीसी र एसपीपीको विषयलाई लिएर रस्साकस्सी चलिरहेको छ । साना कम्युनिस्ट पार्टीहरुले एमसीसी र एसपीपीको विरोधमा सडक संघर्षको घोषणा गरेका छन् ।

यसअघि गत १ मंसिरमा नेपाल आएका उनले प्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, परराष्ट्रमन्त्री डा.नारायण खड्का लगायतसँग द्विपक्षीय भेटवार्ता गरेका थिए । अमेरिकी सहायक विदेश मन्त्री लु दक्षिण तथा मध्य एसियाली मामिला हेर्ने मन्त्रीसमेत हुन् । नेपालले अँगाल्दै आएको असंलग्न परराष्ट्र नीति छाड्दै गएको भनी स्वाभिमानी नेपालीले चिन्ता जाहेर गरिरहेका छन । दुई ठूलाठूला मुलुक भारत र चीनको बीचमा रहेको नेपालले सन्तुलित विदेश नीति लिनुपर्ने बेला अमेरिकाप्रति ढल्कन खोज्दा भूराजनीतिक जटिलता निम्त्याउन सक्छ । छिमेकी भारत चीन र अमेरिकाको चासो नेपालमा बढी छ । छिमेकी र मित्र राष्ट्रसंग पहिल्यैदेखि अँगाल्दै आएको असंलग्न परराष्ट्र नीतिलाई अगाल्न सकेमा कसैको पोल्टामा जानु पर्दैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# दमौली अस्पतालमा सङ्क्रमणजन्य रोगका बिरामी बढे

पोखरापत्र संवाददाता
तनहुँ, ११ साउन

तनहुँको सदरमुकामस्थित दमौली अस्पतालमा सङ्क्रमणजन्य रोगका बिरामी बढेका छन् ।

उक्त अस्पतालले दिएको जानकारीअनुसार मौसमी रुघाखोकी, ज्वरो, टाइफाइड, निमोनियालगायतका बिरामीको सङ्ख्या बढ्दै गएको हो ।

उपचारका लागि अस्पताल आउने बिरामीमध्ये अधिकांश रुघाखोकी र ज्वरोका बिरामी आएका अस्पतालका निमित्त सुपरिटेन्डेन्ट डा दिवस ढकालले जानकारी दिनुभयो । दिनमा झण्डै तीन सयको हाराहारीमा बिरामी उपचारका लागि अस्पतालमा आउने गरेका छन् । उहाँले भन्नुभयो, “उपचारमा आएका बिरामीमध्ये करिब चालीस प्रतिशत रुघाखोकी र ज्वरोका बिरामी रहेका छन् ।” सङ्क्रमणजन्य रोग भएकाले एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्नसक्ने भएकाले सुरक्षित हुन होम आइसोलेशनमा बस्न र खानपानमा ध्यान दिन सुझाव दिइएको उहाँले बताउनुभयो । उपचारमा संलग्न चिकित्सकले लक्षणका आधारमा बिरामीलाई औषधि लेखिदिने गरेका छन् ।

मौसमी रुघाखोकी लागेका व्यक्तिलाई निको हुनका लागि एक हप्तादेखि दुई हप्तासम्म लाग्नसक्ने चिकित्सक बताउँछन् । टाइफाइड र निमोनियाका लागि भने एन्टीबायोटिक औषधि चलाउनुपर्ने अवस्था रहेको डा ढकालले बताउनुभयो । कोभिड जस्तै सर्ने रोग भएकाले बिरामीलाई घरमै सुरक्षित र आराम गरेर बस्न आग्रह गरिएको छ ।

त्यसैगरी टाइफाइड रोग खानेपानी र खानाबाट सर्ने भएकाले सफा पानी पिउन र स्वस्थ्यकर खाना खान बिरामीलाई सुझाव दिइएको छ । बालबालिकामा निमोनियाको समस्या देखिएको छ भने युवा र उमेर बढी भएका मानिसमा टाइफाइडको समस्या पनि उत्तिकै रहेको छ । उपचारका लागि आएका बिरामीलाई अन्यत्र पठाउनुपर्ने अवस्था भने नआएको सो अस्पतालले जनाएको छ । त्यसैगरी जिल्लाका अन्य मेडिकल क्लिनिकमा पनि यस्ता बिरामीको चाप बढ्दै गएको बताइएको छ ।

# १६ किलोमिटर सडक निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ११ साउन

अन्नपूर्ण गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ मा करिब १६ किलोमिटर सडकको नयाँ मार्ग खोलेको छ । सडक निर्माण र स्तरोन्नतिमा जोड दिएको गाउँपालिकाका विभिन्न ठाउँमा एक वर्षको अवधिमा १५ दशमलव ९४ किलोमिटर सडकको मार्ग खोलिएको पूर्वाधार शाखाले जनाएको छ ।

गाउँपालिकाका इन्जिनियर ईश्वरबहादुर भण्डारीले तीन सय २० मिटर सडकमा ग्राभेल, पाँच सय ४२ दशमलव ५३ मिटर सोलिङ, दुई सय ३४ मिटर सडकमा आरसिसी ढलान र कजवे निर्माण, छ वटा कल्भर्ट, ५७ दशमलव चार मिटर नाली निर्माण भएको जानकारी दिनुभयो । खिवाङ-घराम्दी र राम्चे-घोडेपानी जोड्ने सडकको मार्ग निर्माण तथा महभिर-हिस्तान-राम्चे सडक स्तरोन्नतिलाई प्राथमिकता दिइएको थियो । घोडेपानीबाट फूलबारी र राम्चेबाट आहालडाँडाबाट सडक निर्माण थालिएको छ । खिवाङतर्फबाट घराम्दी जोड्ने सडकको मार्ग खोल्ने उद्देश्यले सडक निर्माण गरिएको छ ।

दुई हजार आठ सय ७४ दशमलव आठ घनमिटर ग्याबियन पर्खाल र एक सय ३२ दशमलव ५३ घनमिटर रिटेनिङ पर्खाल निर्माण भएको छ । वडा नं ४ र ५ मा दुई/दुई र १ मा एकवटा फोलुङ्ग पुल निर्माण गरिएको छ । गाउँपालिकाको कार्यक्रमबाट एक हजार दुई सय २४ दशमलव पाँच मिटर नयाँ पदमार्ग निर्माण र दुई हजार आठ सय ९६ दशमलव ७५ मिटर पदमार्ग स्तरोन्नति भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत दुई हजार पाँच सय मिटर पदमार्ग निर्माण गरिएको छ । यस वर्ष १९ घरमा नयाँ धारा जडान, ११ हजार चार सय ४७ दशमलव छ मिटर खानेपानी लाइन विस्तार, ३३ हजार लिटर क्षमताका ट्याङ्की निर्माण, ढल निकासका लागि सात सय २६ मिटर पाइपलाइन विस्तार र १२ वटा च्याम्बर बनाइएको छ ।

सामुदायिक तथा विद्यालय, मन्दिर, सभाहल र शौचालय २४ वटा निर्माण गरिएका तथा १३ वटाको मर्मत भएको छ । सरकारी अनुदानमा मनसुनजन्य विपद् प्रभावितका आठ घर निर्माण गरिएका छन् । दुईवटा प्रवेशद्वार र एकवटा पार्क निर्माण गरिएको छ । पूर्वाधारसम्बन्धी एक सय ६४ वटा योजना रहेकामा एक सय ६१ वटा सम्पन्न भएका गाउँपालिकाका सूचना अधिकारी हरिकृष्ण आचार्यले बताउनुभयो । उहाँका अनुसार निर्माण व्यवसायीले काम नगरेपछि रु ५० लाख विनियोजन भएको खिवाङ खानेपानी आयोजनाको ठेक्का रद्द गरिएको छ । तीन योजनाको ठेक्का सम्झौता गरिएको थियो । लेखापाल प्रेम पराजुलीले गत आर्थिक वर्षमा चालुतर्फ ७७ दशमलव ९६ र पूँजीगततर्फ ७८ दशमलव शुन्य छ प्रतिशत प्रगति भएको जानकारी दिनुभयो ।

# पेन्सन पट्टा हराएको सूचना

**म विष्णु कुमारी थापाको नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गतको निम्न अनुसारको व्यहोरा भएको पेन्सन पट्टा महेन्द्रपुलबाट लामाचौर जाने क्रममा यहि मिति २०७९/०७/१० गते हराएको हुँदा भेट्टाउन हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नाम: विष्णु कुमारी थापा**
**पेन्सन पट्टा नं.: ११६७४२**
**पद: अ.न.मी. सहायक पाँचौं**
**सम्पर्क नं.: ९८६६०७८८२६**

# पोखरामा हुने नवौं राष्ट्रिय खेलकुदका लागि खेल मैदान निरीक्षण हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ११ साउन



३९ वर्षपछि पोखरामा आयोजना हुन लागेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलस्थल व्यवस्थापनको जिम्मेवारी पाएको उपसमितिको टोली स्थलगत अवलोकनमा व्यस्त देखिएको छ ।

खेलस्थल व्यवस्थापन उपसमितिका संयोजकसमेत रहेका राष्ट्रिय खेलकुद परिषद सदस्य राजेश कुमार गुरुङ नेतृत्वको टोली तनहुँको शुक्लागण्डकी नगरपालिका-८, गणपतिस्थित खेलमैदानको अवलोकन गर्न पुगेको हो । शुक्लागण्डकी नगरपालिकाका नगरप्रमुख कृष्णराज पण्डित, उपप्रमुख खुमबहादुर विक, स्थानीय क्लबका पदाधिकारीहरुको उपस्थितिमा मैदानको निरिक्षण गरेका हुन् । गणपति खेलमैदानलाई क्रिकेट लागि उपयुक्त हुन सक्ने प्रदेश खेलकुद परिषदका सदस्य गुरुङले बताए । संयोजक गुरुङले उक्त मैदानलाई निर्माण गर्नुपर्ने बताउदै फास्ट ट्र्याकमा काम गर्न आग्रह गरे । उनले मैदान निर्माणका लागि थोरै समय रहेको उल्लेख गर्दै यथाशिघ्र काम सुरु गर्नुपर्नेमा जोड दिए । उनले लआगामी १५ गते राष्ट्रिय खेलकुद परिषद बैठक बस्ने बताउदै त्यसपछि थप टुङ्गो लाग्ने बताए । 'बोर्डको मिटिङ १५ गते छ । त्यसमा हामीले निरिक्षण गरेका मैदानहरुको स्थितिको बारेमा रिपोर्टिङ गर्छौं । त्यसपछि कहाँ के खेलाउने भन्ने निर्णय हुन्छ । क्रिकेट प्रतियोगिताको लागि यो मैदानमा सम्भावना छ ।' गुरुङले भने ।

यसै गरी शुक्लागण्डकी नगरपालिकाका नगरप्रमुख कृष्णराज पण्डितले गणपति खेलमैदानलाई रङ्गशालाको रुपमा विकास गर्ने बताए । बुधबार स्थलगत अवलोकनमा पुगको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितको खेलस्थल व्यवस्थापन उपसमितिको टोलीसँग बोल्दै नगरप्रमुख पण्डितले तत्काललाई क्रिकेटको लागि मैदान निर्माण गर्ने प्रतिवद्धता जनाए । उनले उक्त मैदानलाई रङ्गशालाको रुपमा विकास गर्नका लागि नगरपालिकाबाट ५० र गण्डकी प्रदेशको युवा तथा खेलकुद मन्त्रालयबाट ५० लाख बजेट विनियोजन भएको बताए ।

'अहिले १ करोडको बजेट छ । यो मैदानलाई तत्काल क्रिकेटको लागि निर्माण गर्छौं त्यसपछि क्रमश फुटबल र भलिबलको मैदानलाई पनि पूर्णता दिन्छौं, उनले भने, ' यदि मैदानहरु बन्यो भने जिल्लाको खेलकुद विकासमा सहयोग पुग्छ ।' गुरुङ नेतृत्वको टोली गत ४ दिनदेखि सम्भावित खेलस्थल अवलोकनमा निकै व्यस्त हुँदै आएको छ । आज तनहुँ पुगेको टोली भोली (बिहिबार) स्याङ्जाको वालिङ मैदानको निरिक्षणका लागि पुग्ने छ । भने शुक्रबार म्याग्दीको यात्रामा निस्कने कार्यक्रम तय गरेको छ ।

यसअघि सो टोलीले टोलीले यसअघि पोखरा महानगरपालिका १७ दोविल्लास्थित सहारा एकेडेमीको खेलमैदान, पोखरा २५ हेम्जास्थित गौरीशंकर खेलमैदान तथा माछापुच्छ्रे गाउँपालिका ४ स्थित महेन्द्र माविको खेलमैदानको स्थलगत अवलोकन गरिसकेको छ । बुधबार पोखरा २७ भण्डारढिकस्थित फुटबल मैदान र माछापुच्छ्रे क्रिकेट क्लबको खेलमैदान लगायतको निरिक्षण गरेको थियो । आगामी असोज २८ गतेदेखि कार्तिक ३ गतेसम्म पोखरामा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ३८ खेल मध्ये २ खेल काठमाडौं, ३४ खेल पोखरामा सञ्चालन हुने र २ वटा खेल प्रदर्शन गर्ने राखेपले जनाएको छ ।

# बागलुङका ९२ प्रतिशत जनतालाई खानेपानी सुविधा

पोखरापत्र संवाददाता
बागलुङ, ११ साउन

जिल्लाका ९२ प्रतिशत जनतामा खानेपानीको सुविधा पुगेको छ । नेपाल स्वास्थ्यका लागि पानी नेवाले गरेको अध्ययनमा उक्त तथ्याङ्क देखिएको हो । सरकारको खानेपानीको प्रतिवेदनमा पनि सोही तथ्याङ्क छ ।

नेवाले खानेपानीमा काम थालेको ३० वर्ष पुगेको अवसरमा आयोजित एक अन्तरक्रियामा संस्थाका क्षेत्रीय प्रबन्धक कुमार सिलवालले नेपालभरि ९४ प्रतिशत, गण्डकी प्रदेशमा ९० प्रतिशत र बागलुङमा ९२ प्रतिशत खानेपानी पुगेको तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो ।

नेपालभर सम्पन्न भएका ४२ हजार ३९ आयोजनाबाट उक्त सफलता मिलेको बताइएको हो । नेवाले पनि ३० वर्षमा ४० हजार धारा बनाएको बताइएको छ । दुई हजार ५३८ योजना सम्पन्न गरेर २२ लाख जनतालाई खानेपानीको व्यवस्था गरेको नेवाका केन्द्रीय कार्यालयका प्रतिनिधि महेश्वरप्रसाद यादवले बताउनुभयो । नेवाले नेपालका ६ सय ८५ विद्यालयमा पनि खानेपानीका योजना बनाएको हो । ६२१ विद्यालयमा शौचालय बनाएको र आमजनताको घरघरमा गरी एक लाख ४५ हजार ९६२ शौचालय बनेको यादवले बताउनुभयो । कतिपय जिल्लाका तत्कालीन गाविसहरू खुला दिसामुक्त घोषणामा पनि संस्थाले काम गरेको थियो । हाल खानेपानीको सुविधा पुगे पनि शुद्ध पानी अभाव भएकाले संस्थाले अबका दिनमा शुद्धता र गुणस्तरमा ध्यान दिनुपर्ने सरोकारवालाले आग्रह गरेका छन् । जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले शुद्ध खानेपानी जनताको मौलिक हक भएको भन्दै हिजोका दिनमा पानी लैजानु मात्रै ठूलो कुरा हुन सक्ने भए पनि अब भने शुद्ध पानी वितरणमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले जनतालाई कम भार पर्ने गरी पानीका योजना निर्माण गर्न स्थानीय पालिकासँग समन्वय सहकार्य बढाउनुपर्ने सुझाव पनि दिनुभयो । कार्यक्रममा तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले वित्तीय समानीकरण लगायतका बजेट परिचालन गर्न खानेपानी निर्माणमा जनताले धेरै लगानी गर्नु परेको बताए । नेवाको सहकार्यमा तमानखोलामा सयौं धारा निर्माण भएको भन्दै अझै पनि धेरै योजना बनाउने काममा अन्य पालिका पनि लाग्नुपर्ने बताउनुभयो ।


# आवश्यकता

यस आमाघर पाठशाला (शैक्षिक गुठी पोखरा-२२, पुम्दीभुम्दी) कास्कीका लागि १ दक्ष अनुभवी अंग्रेजी शिक्षक आवश्यकता भएकाले इच्छुक व्यक्तिबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

१. संख्या : १ जना
२. विषय : अंग्रेजी ३. तह : आधारभूत
४. शैक्षिक योग्यता : अंग्रेजी विषयमा स्नातक तह उत्तीर्ण भएको, अनुभवीलाई विशेष प्राथमिकता दिइने छ ।
५. छनौट प्रक्रिया : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
६. सेवा सुविधा : विद्यालयको नियम अनुसार आकर्षक हुनेछ ।
७. पेश गर्नुपर्ने कागजातहरु : हस्तलिखित निवेदन, शैक्षिक प्रमाणपत्रको फोटोकपि, अनुभवको प्रमाणपत्र, नेपाली नागरिकताको फोटोकपि, तालिमका प्रमाणपत्रको फोटोकपि र व्यक्तिगत विवरण संलग्न हुनुपर्ने छ ।
८. दरखास्त दिने मिति : २०७९/४/१२ गतेदेखि २०७९/४/१८ गते बिहान ११:०० बजेदेखि ३:०० बजेसम्म (सार्वजनिक बिदाको दिन विद्यालय बन्द रहनेछ ।)
९. दरखास्त शूल्क : रु. ५००/- मात्र ।

सम्पर्क: **आमाघर पाठशाला**
पोखरा-२२, पुम्दीभुम्दी, कास्की, फोन नं.०६१-६२१७६३

# आन्तरिक पर्यटकको गन्तब्य बन्दै हेम्जाको सुईखेत रिभर भ्याली रिसोर्ट

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ साउन**

ताल छेउमा होटल, रेष्टुरेन्ट तथा रिसोर्ट पोखरामा धेरैनै छन त्यो पनि पोखरा शहर भित्र ।

पोखरा भ्याली बाहिर पहिलोपटक कास्कीको पोखरा महानगरपालिका वडा नम्वर २५ सुईखेत खोला छेउमा सुईखेत रिभर भ्याली रिसोर्ट सञ्चालनमा आएको छ । हालै सञ्चालनमा आएको सुईखेत रिभर भ्याली रिसोर्टले पर्यटकको मन जित्न सफल भएको छ । सुईखेत रिभर भ्यालि रिसोर्ट आन्तरिक पर्यटकहरुको लागि नया गन्तव्य बनेको छ । रिसोर्टमा राखिएको एटिभि बाईक राईड र स्वीमिङ पुल संगै रहेको प्राकृतिक मनोरम दृश्यले त्यहा जाने पर्यटकहरुको पहिलो रोजाई बन्ने गरेको छ ।



पोखरा तालै तालको सहरको रुपमा चिनिदै आएको र पछिल्लो समय पोखरा भ्यालि आसपासका डाडा कांडाहरुमा समेत पर्यटकीय गन्तव्य बनिरहदा प्राकृतिलाई नजिकबाट नियाल्न सकिने सुईखेत खोलाको छेउमा हरियालि बातावरणमा रमाउन चाहनेलाई लक्षित गरी आफुले सुईखेत रिभर भ्याली रिसोर्ट सञ्चालनमा ल्याएको रिसोर्टका सञ्चालक जितेशमान गुभाजुले वताए । १५ रोपनी क्षेत्रफलमा ५ करोड लगानीमा सञ्चालनमा आएको सुईखेत रिभर भ्यालीबाट विहानीको सूर्य उदय र वेलुकाको सूर्य अस्तको समेत अवलोकन गर्न सकिने छ । पूर्व र पश्चिममा डांडा कांडाको खोंचबाट सूर्योदय र सूर्यअस्तको दृश्यको छुट्टै अनुभव लिन सकिने गुभाजुले वताए । रिसोर्टमा आउने पर्यटकलाई सुईखेतमा मात्रै सिमित नबनाउने उदेश्य सहित आफुहरुले एटिभि बाइकको माध्यमबाट पर्यटकहरुलाई हेम्जाकोट हुँदै अस्ताम सम्मको प्याकेज वनाई सञ्चालन गरिरहेको वताए । एटिभि बाईकको माध्यमबाट अस्ताममा पुगेपछि त्यहाँ बाट उत्तरमा रहेका हिम श्रृङखला संगै हेम्जा फांट, पर्यटकीय गाउँ धम्पुस र पोखराको उत्तरी भेग अवलोकन गर्न सकिने भएकालेपनि आन्तरिक पर्यटकहरुको रोजाई सुईखेत रिभर रिसोर्ट हुने गरेको छ ।

त्यसैगरि छोटो दुरिमा एटिभि बाइक चलाउनेहरुले सुईखेत रिभर भ्याली हुँदै फेदि सम्मको यात्राको अनुभव गर्न सक्नेछन । रिसोर्टमा बस्ने पाहुनाले हाईकिङ गरी कास्कीकोट दरबार, अस्ताम सम्म पुग्न सक्नेछन । त्यसैगरि रिसोर्टमा स्वीमिङ पुलको समेत ब्यवस्था रहेको छ । जसका लागि पनि विभिन्न प्याकेजको ब्यवस्था गरिएको छ । त्यसैगरि रिसोर्टमा हाल छ वटा रुम रहेको छ जसमा बस्न चाहनेका लागि समेत विभिन्न प्याकेजहरुको व्यवस्था गरिएको रिसोर्टका अप्रेसन म्यानेजर सागर गुरुङले वताए । सुईखेत रिभर भ्यालि रिसोर्ट भित्र रहेको विभिन्न कटेजहरुले मधेसमा बसोबास गर्ने थारु बस्तीको झल्को दिने गरेको र यसले समेत पर्यटकहरुलाई आकर्षित गरेको छ । रिसोर्टमा पार्किङको पर्याप्त ब्यवस्था र बाल उधान समेत रहेकाले पारिवारिक वातावरणमा घुम्न आउनेहरुका लागि समेत उचित गन्तव्य बनेको छ । शान्त बातावरण प्राकृतिक हरियालीलाई नजिकबाट नियाल्ने सक्ने भएकाले रिसोर्टमा पर्यटकहरुको आकर्षण वढेको वताउदै गुरुङले रिसोर्टमा बस्न चाहने पाहुनाहरुलाई लक्षित गरी साँझमा बार वे क्यू संगै स्वीमिङको समेत ब्यवस्था गरिएको वताए । रिसोर्टमा हाल २० जनाले प्रत्यक्ष रोजगार पाएका छन ।

# 'बिबिआर फुटसलमा 'सन्देश मेमोरियल च्याम्पियन'

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ साउन**

पोखरा महानगरपालिका २७ तालचोकस्थित काइट फुटसलमा सम्पन्न पहिलो संस्करणको 'बिबिआर फाइभ ए साइड फुटसल प्रतियोगिता' मा सन्देश मेमोरियल च्याम्पियन बनेको छ ।

'स्वास्थ्य र भाइचाराका लागि खेलकुद' भन्ने नारासहित विश्वास, भिषण एण्ड राहुल युनाइटेडले आयोजना गरेको फुटसल प्रतियोगितामा सन्देश मेमोरियलले 'ट्वान्टी फाइभ के' रत्नचोकलाई २-० गोल अन्तरले पराजित गर्दै च्याम्पियन बनेको हो । च्याम्पियन बनेको सन्देश मेमोरियलले शिल्ड मेडल तथा प्रमाणपत्रसहित नगद रु ६० हजार र उपविजेता बनेको 'ट्वान्टी फाइभ के' रत्नचोकले शिल्ड मेडल तथा प्रमाणपत्रसहित नगद रु ३० हजार प्राप्त गरे ।



प्रतियोगिताबाट प्रनिल रानाभाट सर्वोकृष्ट खेलाडी, सर्वाधिक गोलकर्ताका रुपमा सैनिक एफसीका सुजन भण्डारी र उत्कृष्ट गोलरक्षक सन्देश मेमोरियलका विजय गुरुङ घोषित हुदैं क्रमशः २५ सय , २ हजार र २ हजारसहित ट्रफी प्रमाणपत्र हात पारे ।

कुल २६ समुहको सहभागिता रहेको फुटसल प्रतियोगितामा 'ए' डिभिजन खेलाडी टिममा समावेश गर्नपाउने व्यवस्था रहेको थियो । सोही अनुरुप हिमालयन शेर्पा क्लबका खेलाडी भिषण गुरुङ र ब्रिगेड ब्याइज क्लबका रन्दिप पौडेल र राष्ट्रिय फुटसल टिमका किशोर गुरुङ, रोशन छन्त्याल र विजय श्रेष्ठले विभिन्न टिमबाट सहभागिता जनाएका थिए । यसै गरी फुटसल प्रतियोगिताको अवसरमा ७ जना राष्ट्रिय खेलाडीहरुलाई सम्मान गरिएको छ । राष्ट्रिय फुटबल टोलिका सुमित श्रेष्ठ (हाल साफ च्यापियनसीप खेल्दै भारतमा), गोल रक्षक विश्वास क्षेत्री र मान बहादुर तामाङ, विमल राना, त्रिदेव गुरुङ, दिप कार्की र अजित भण्डारीलाई सम्मान गरेको हो ।

यसैबीच कार्यक्रममा आदर्श क्लबका ७ जना जुनियर ७ जना खेलाडीहरुलाई जर्सी र बुट सहयोग गरिएको थियो ।

प्रतियोगितामा विजेता तथा उपविजेता टोलीलाई गण्डकी फुटसलका अध्यक्ष तथा नेपाल खेलकुद महासंघका सचिवालय सदस्य राजन गुरुङ, भुतपूर्व आदर्श क्लबका क्या. बासुदेव गुरुङ, चन्द्रधोज गुरुङ परिवार लगायतले पुरस्कार वितरण गरेका थिए ।

# हराउँदै हलो : बढ्दै ट्याक्टरको प्रयोग

**– वासुदेव पौडेल**
**पोखरा, ११ साउन (रासस)**

कृषिप्रधान देश नेपालमा आधुनिक प्रविधिसँगै भित्रिएका कृषि उपकरणको बढ्दो क्रमले यतिखेर अधिकांश स्थानमा हलोको प्रयोग हुन छाडेको छ ।

नेपालका अधिकांश ग्रामीण भेगमा पछिल्ला समयमा किसान हलो छाडेर हाते मिनि टेलर प्रयोग गर्न थालेका छन् भने समथर भू-भागमा ट्याक्टरको प्रयोग बढ्दै गएको छ । ग्रामीण भेगका टारी खेतमा अग्ला कान्ला तथा साँघुरा गरा हुने भएकाले केही स्थानमा भने अझै पनि गोरुको प्रयोग हुने गरेको स्थानीय किसान बताउँछन् ।

समथर ठाउँका लागि ट्याक्टरको प्रयोग बरदान नै भए पनि राम्रा मलिला खेतमा भने यसको प्रयोगले जमिनको भित्री रुखो माटो बाहिर ल्याउने हुँदा उत्पादनमा प्रत्यक्ष असर पार्ने गरेको अगुवा किसान हरिप्रसाद आचार्य बताउनुहुन्छ । "कास्कीको दक्षिणभेगस्थित सुरौदी फाँटका मलिला खेतमा ट्याक्टरको प्रयोगले भित्री रुखो माटो निकाल्ने गरेको मेरो अनुभव छ", कुर्लिङ बराह किसान समूहका अध्यक्षसमेत रहनुभएका आचार्यले भन्नुभयो, "अन्य गेग्रानयुक्त ढुङ्गे खेतका लागि भने यसको प्रयोगले खेती गर्न सजिलोका साथै उत्पादन बढाएको छ ।" खनजोतका लागि आधुनिक उपकरणको बढ्दो प्रयोगसँगै ती उपकरण सजिलै लैजान नसकिने ठाउँमा खेतबारी बाँझै रहन थालेको किसान बताउँछन् । पछिल्ला वर्षमा त स्थानीय जातका गाई पाल्न छाडिएका कारण जोत्नका लागि गोरु पाउन पनि मुस्किल छ । विगतमा कास्की र आसपासमा सिक्लेस, गोर्जे, हङ्शपुर, माझठाना, बाबियाडाँडा, भरतपोखरी लगायतका स्थानमा गोरुको राम्रै खरिदबिक्री हुने गरेकामा अहिले भने ती ठाउँमा पनि अधिकांशले गाई पाल्न छाडेका छन् । यस क्षेत्रमा विकासी जातका गाईका बाच्छालाई गोरुका रूपमा प्रयोग गरिदैन । ग्रामीण भेगमा दाइ हाल्नका लागि गोरुको अभाव हुँदा समस्या पर्ने गरेको स्थानीय बताउँछन् । एउटा गोरु किन्न सामान्यतः रु २० देखि ३० हजारसम्म खर्चनुपर्ने किसान बताउँछन् । गोरुको अभावसँगै पछिल्ला वर्षमा परम्परागत काठे हलो बनाउने व्यक्तिको पनि अभाव खड्कँदै गएको छ । पुरानो पुस्ताबाट नयाँ पुस्तामा सीप हस्तान्तरण हुन नसक्नुका साथै त्यसबाट निर्वाहसमेत नहुने भएपछि हलो किन्नका लागि पाउन पनि मुस्किल हुने गरेको अर्का किसान टीकाराम तिवारीले बताउनुभयो । "हलो बनाउनका लागि सीप उत्तिकै आवश्यक छ, पछिल्ला पुस्तामा यसतर्फ चासो नदेखिएका कारण अहिले हलो सहज रूपमा किन्नका लागि पाउन सकिँदैन", उहाँले भन्नुभयो । नयाँ प्रविधिका टेक्टर भित्रिए पनि त्यसलाई चलाउन सक्ने सीपका साथै सामान्य विग्रदा मर्मत गर्न समेत समस्या हुँदा कतिपय स्थानमा हलोको प्रयोग चाहेर पनि चटक्क छोड्न नसकिएको किसानको अनुभव छ । गाउँका टारीखेतमा मिनि टेलर बोकेर तलमाथि गर्नुका साथै चलाउने सीपको अभाव र मर्मतको अज्ञानता आदि समस्याका रूपमा रहेको तिवारीको भनाइ छ ।

पछिल्लो समयमा बढ्दै गएको ट्याक्टर एवं मिनि टेलरको प्रयोग किसान लागि बरदान सावित भएको पोखरा महानगरपालिका कृषि महाशाखाका प्रमुख मनोहर कडरिया बताउनुहुन्छ । आधुनिक उपकरणको प्रयोगले कृषि प्रणालीलाई छिटोछरितो र उत्पादनमुखी बनाएको जनाउँदै उहाँले विगत सात वर्ष यता यी उपकरणको खरिदमा सरकारका तर्फबाट अनुदान सहयोग उपलब्ध गराउन थालिएको बताउनुभयो ।

गोरुका लागि घाँस काट्ने, खुवाउने र चराउने गर्नुपर्ने भए पनि ट्याक्टर, मिनिटेलरको प्रयोग गर्दा उक्त समस्या समाधान भएको किसान बताउँछन् । छोटो समयमा धेरै काम गर्न सकिने भएको पनि यसतर्फको आकर्षण बर्सेनि बढ्दै गएको हो ।


## निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना

श्री भागीरथ बरालको नाति, श्री मारकण्ड बरालको छोरा कास्की जिल्ला पोखरा म.न.पा./गा.पा. वडा नं. २२ बस्ने बालकृष्ण बरालको मिति २०७९/०२/०६ मा मृत्यु भएको कारण निजको नाममा यसको प्रधान कार्यलय पोखरा-५ जिरो कि.मी. मा रहेको खाता नं. १०४०१०४०००२४१५, १०४०१०५०००२१६८, १०४०३०१०००८४८९ मा रहेको निक्षेप रकम भुक्तनी पाउँ भनि निज मृतकको छोरा मुक्ती राम बरालले यस संस्थामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए नियमानुसार अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित गरिएको ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदावी गर्न नआएमा कानुन बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । साथै, म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-५ जिरो कि.मी., फेवा मार्ग
फोन नं. ०६१-५२३३७५



चुनौती दिन्छु, आ मृत्यु ! म तेरो पछि लाग्दिनँ
मृत्युसँग म लड्दै छु, मृत्यु सम्झेर भाग्दिनँ
कालले हाँकिने हुन्न, म महाकाल हाँक्तछु
महाशक्ति भए आओ ! कुस्ती खेल्न म डाक्तछु ।

थोत्रा पत्रु कथा भन्छन् इतिहास पुराणका
प्रत्यक्ष नबुझेकाले भरमा अनुमानका
परिवर्तन मात्रै हो मृत्यु सर्वान्त होइन
जम्का भेट भएकै हो, त्यो देखेर डराइनँ ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः वि.सं. १९९६/०६/०१ गते

स्वर्गारोहणः वि.स. २०७९/०३/३२ गते

**स्व. तेजनाथ घिमिरे**

पोखरा-३ नदीपुर निवासी नेपाली आकासका ध्रुवतारा शैक्षिक, साहित्यिक र राजनैतिक क्षेत्रमा छुट्टै पहिचान राख्न सफल बहुआयामिक व्यक्तित्व हाम्रा प्रातः स्मरणीय सम्धी **तेजनाथ घिमिरे**को असामयिक निधनले हामीहरु भावविह्ल भएकाछौं । यो दुखद घडीमा स्वर्गीय आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दै शोकाकुल सम्धिनी ईन्द्र कुमारी ज्वाइँहरु प्रकाश,जीवन र गोविन्द छोरीहरु तारा, बिर्सना र बिन्दु नातिनी दिप्ती घिमिरे ज्वाइँनानीहरु ईन्दु र ज्योति भट्टराई समेतको परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भन्ने कामना गर्दै १३ औं दिनको पुण्य तिथिमा भावपूर्ण समवेदना व्यक्त गर्दछौं ।

**सम्धी/सम्धिनीः देवराज/ प्रभा बराल**
**छोरा/बुहारीः प्रकाश/ शन्तोषी र विचित्र बराल**
**छोरी/ज्वाइँ : ज्योति/ गोबिन्द गौतम**
**नाति नातिनीहरूः संस्कृति, सर्जक र अनवेषा**
**तथा**
**सम्पूर्ण बराल परिवार**
**पोखरा-१३ बाँझापाटन**